**अनुसूची - २**
**(दफा ४ तथा अनुसूचीको भाग १ सँग सम्बन्धित)**

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड : ७** | **सङ्ख्या : २** | **मिति : २०८०/०३/२५** |

**भाग – २**

**चौरजहारी नगरपालिका**

प्रमाणिकरण मिति : २०८०/०३/२८

## चौरजहारी नगरपालिकामा अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना :** चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्युतीय रिक्सा तथा पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे टेम्पुहरूलाई व्यवस्थापन गरी नगरपालिकाको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरूको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ११ उपदफा ४ (ट) (१) (२) बमोजिमको कार्यका लागि चौरजहारी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगरकार्यपालिकाले **"अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सङ्‌क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** रहेकोछ।

(२) यो कार्यविधि चौरजहारी नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्‌गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिका सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले "अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले चौरजहारी नगरकार्यपालिका सम्झनु पर्नेछ।

(घ) "प्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्नेछ।

(ङ) "उपप्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्नेछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

(छ) "समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ।

(ज) "सवारी साधन" भन्नाले प्रचलित ऐन तथा नियम बमोजिम नगरपालिकाले व्यवस्थापन गर्ने अधिकार प्राप्त गरेका अटो तथा ई-रिक्सालाई सम्झनु पर्नेछ।

(झ) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरुक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्नेछ।

(ञ) "यात्रु" भन्नाले अटो तथा ई-रिक्साको सवारी साधनमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्नेछ।

(ट) "चालक" भन्नाले सवारी चालक अनुमति प्राप्त व्यक्ति सम्झनु पर्नेछ।

(ठ) "भाडा" भन्नाले अटो तथा ई–रिक्सा प्रयोग गरे वापत लिने रकम सम्झनु पर्नेछ।

(ड) "सवारी धनी" भन्नाले प्रचलीत कानून बमोजिम सवारी धनी अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्ने छ।

(ढ) "रुट इजाजत पत्र" भन्नाले कार्यविधिको दफा ७ बमोजिमको इजाजत पत्र सम्झनु पर्दछ।

(ण) "भाडा दर" भन्नाले नगरपालिकाले तोकेको भाडा दर सम्झनु पर्दछ।

## परिच्छेद २

## अटो तथा ई-रिक्सा सञ्चालनको लागि अनुमति प्रक्रिया

**३. सञ्चालन अनुमति लिनु पर्ने :** (१) चौरजहारी नगरपालिकाको क्षेत्रभित्र सञ्चालन गरिने अटो तथा ई-रिक्सा वा अन्य जुनसुकै किसिमका टेम्पु जस्ता साना सार्वजनिक सवारी साधनले प्रचलित कानुन बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी यस नगरपालिकाबाट पञ्जिकृत भइ सञ्चालन अनुमति (रुट परमिट) लिनु पर्ने छ। साथै अटो तथा ई-रिक्सा सन्चालन गर्न चाहने सवारी धनीले अुनुसूची-१ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

(२) निवेदन प्राप्त भए पश्चात आवश्यक कारबाहीको लागि सम्वन्धित शाखामा जाँचबुझका लागि पठाइनेछ।

(३) अटो तथा ई-रिक्सा सवारी ऐन/नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवम् नवीकरण भै नगरपालिकामा आर्थिक ऐनमा तोकिएको दस्तुर बुझाई अटो तथा ई-रिक्सा नगरपालिकाको क्षेत्रमा सञ्चालनका लागि अनुमति दिइनेछ।

(४) उपदफा (१) बमोजिम अनुमति नलिइ नगर क्षेत्रभित्र अटो तथा ई-रिक्सा सञ्चालन गर्न पाइने छैन्।

**४. आवश्यक कागजातहरु पेश गर्नुपर्ने :** अटो तथा ई-रिक्सा सञ्चालनका लागि अनुमति दिंदा निम्न कागजात पेश गर्नुपर्नेछ :

(क) सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

(ख) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र।

(ग) आयकर दर्ताको कागजात÷करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

(घ) सवारी साधन दर्ता प्रमाण (विल बुक) को प्रतिलिपी

(ङ) सवारी साधन चालकको नियुक्ति (लाइसेन्स) प्रतिलिपी।

(च) तेस्रो पक्ष विमा र यात्रु बीमा गरेको सक्कल कागजात र सोको प्रतिलिपी।

(छ) सवारी कर तथा आयकर तिरेको रसिद।

(ज) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्रको प्रतिलिपी।

**५. इजाजत पत्र दिन सकिने :** नियमानुसार आवश्यक कागजात सहित पेश भएको निवेदनलाई कार्यालयले अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिमा पेश गर्नेछ। समितिले यातायातको वर्तमान अवस्था, आवश्यकता, औतित्यता, सर्वसाधारणलाई पुग्ने सुविधाको आधारमा आवश्यक कागजातहरु जाँचबुझ गरी इजाजतपत्र उपलव्ध गराउन सक्नेछ।

**६. सवारी रुट इजाजत पत्र प्रदानका लागि अभिलेख व्यवस्थापन :** सवारी साधन रुट निर्धारण समितिबाट सिफारिस भई आएका सवारी साधनको अभिलेख राखी तोकेको दस्तुर तिरेको रसिद संलग्न राखी तोकिएको अधिकारीले टिप्पणी उठाई कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

**७. सवारी रुट इजाजत पत्र प्रदान :** नियम ६ बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी पेश हुन आएमा प्रमुख प्रशासकीय अधिकृतबाट अनुसूची २ बमोजिम सवारी रुट इजाजत पत्र दिइनेछ।

**८. इजाजत पत्रको खारेजी :** सवारी धनी वा सवारी चालकले यस कार्यविधि विपरीत कार्य गरेमा तथा प्रचलीत अन्य यातायात व्यवस्था सम्वन्धी कानून उलंघन गरेमा प्रमुख प्रशासकीय अधिकृतले समितिको निर्णयानुसार सवारी साधनको इजाजत पत्र खारेज गर्न सक्नेछ। खारेज भएका इजाजतपत्रहरुको अभिलेख अद्यावधिक गर्नुपर्नेछ। त्यसरी खारेज गर्नु अघि सम्बन्धित सवारी धनीलाई सफाइको मौका दिइने छ।

## परिच्छेद ३
## समिति गठन तथा काम कर्तव्य र अधिकार

**९. अटो तथा ई-रिक्सा सञ्चालन तथा ब्यवस्थापन समिति :** (१) नगरपालिकाभित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई रुट इजाजत तथा भाडा निर्धारण गर्न देहाय बमोजिमको समिति रहनेछ

| | |
|---|---|
| (क) नगर प्रमुख | – संयोजक |
| (ख) नगर उप प्रमुख | – सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) चौरजहारी नगरपालिकाको पुर्वाधार विकास समिति संयोजक | – सदस्य |
| (ङ) यातायात व्यवस्था सेवा कार्यालय प्रमुख वा प्रतिनिधि १ जना | – सदस्य |
| (च) स्थानीय प्रहरी प्रमुख वा प्रतिनिधि १ जना | – सदस्य |
| (छ) स्थानीय ट्राफिक प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि १ जना | – सदस्य |
| (ज) अटो व्यवसायी समितिको प्रमुख वा प्रतिनिधि १ जना | – सदस्य |
| (झ) आर्थिक विकास शाखा प्रमुख | – सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा संघीय सरकार तथा प्रादेशिक कार्यालयका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठक संयोजकको आदेशले सदस्य सचिवले बोलाउने छ।

**१०. समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नगरपालिका भित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने ।

(ख) अटो तथा ई-रिक्साको पार्किङ्ग स्थल तोक्ने ।

(ग) अटो तथा ई-रिक्साको स्थान अनुसार भाडा दर निर्धारण गर्ने ।

(घ) सेवा क्षेत्र निर्धारण तथा कलस्टर अनुसार अटो तथा ई-रिक्सा संख्या तोक्ने।

(ङ) प्रचलीत ऐन, नियम बमोजिम मापदण्ड पुरा गरी आएका सवारी धनीलाई सवारीको चाप तथा यात्रुको चाप मुल्यांकन गरी अटो तथा ई-रिक्सा सञ्चालनका लागि इजाजत दिन सक्नेछ ।

(च) अटो तथा ई-रिक्साको व्यवस्थापन एवं यात्रुहरू बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

(छ) रुट इजाजत परिवर्तन गर्न चाहने सवारी धनीलाई नियम १०

(ज) बमोजिम मुल्याकन गरी प्रतिवेदन तयार गर्ने

(झ) पटक–पटक कार्यविधि उल्लघन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्ने ।

(ञ) नगरपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद ४
## नगरपालिकाको कार्यालय तथा सवारी धनीले पालन गर्नु पर्ने सर्त

**११. नगरपालिकाले पालना गर्नु पर्नेः**

(क) इजाजत पत्र माग निवेदन उपर जाँचबुझ गर्नुपर्नेछ ।

(ख) भाडादर निर्धारण तथा सार्वजनिक जानकारीका लागि प्रकाशन गर्ने ।

(ग) जाँचबुझपछि इजाजत पत्र प्रदान गर्ने भएमा इजाजत दिने र नदिने भए कारण सहित लिखित जानकारी गराउनु पर्नेछ ।

(घ) रुट निर्धारण गरिदिने ।

(ङ) अटो तथा ई-रिक्सा सञ्चालनका लागि निर्धारण गरिएका रुटहरुको सडक बाटो अवस्थाको अध्ययन गरी समय समयमा मर्मत सम्भारका लागि आफैले वा सम्वन्धीत निकायमा पहल गर्नुपर्ने ।

(च) सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

**१२. सवारी धनीले पालना गर्नु पर्नेः** सवारी धनीले इजाजत प्राप्त गर्नु अघि र इजाजत प्राप्त गरी सकेपछि निम्न बमोजिम काम र कर्तव्य पुरा गर्नुपर्ने छ ।

(क) निवेदन साथ तोकिएका आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ ।

(ख) तोकिएको भाडादर मात्र लिनु पर्नेछ । भाडादर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नु पर्नेछ ।

(ग) यात्रुहरु संग सरल र नम्र व्यवहार गर्न लगाउनु पर्नेछ ।

(घ) तोकीएको रुटमा मात्र सवारी साधन चलाउनु पर्नेछ ।

(ङ) नगरपालिकावाट तोकिएको दर्ता तथा नविकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ

(च) सवारी चालक, यात्रु तथा तेस्रो पक्ष बीमा गराउनु पर्नेछ ।

(छ) इजाजत पत्रमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्नेछ ।

(ज) सवारी साधनवाट उत्पादन भएको फोहर वस्तुहरु सार्वजनिक स्थानमा फाल्न पाइनेछैन ।

(झ) नगरपालिकाले उपलव्ध गराएको इजाजपत्र नं. आफनो सावारी साधनमा टाँस गरी सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद ५
## रुट निर्धारण

**१३. रुट निर्धारण :** (१) नगरपालिकाभित्र सडकको अवस्था, आवश्यकता, औतित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा जस्ता विषयहरु आधार बनाई नगरपालिकाको आर्थिक ऐनमा तोकिए वा कार्यलयपालिका तोके बमोजिमको रुट निर्धारण शुल्क लिई समितिले रुट निर्धारण पत्र जारी गर्नेछ । रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य बोक्नुपर्नेछ ।

## परिच्छेद ६
## रुट इजाजत तथा नविकरण दस्तुर र दण्ड जरिवाना

**१४. रुट इजाजत तथा नवीकरण दस्तुरः** (१) बार्षिक सवारी रुट इजाजत दस्तुर अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) रुट इजाजत प्राप्त सवारी साधनको प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नु पर्नेछ । नवीकरण दस्तुर नगरपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुने छ ।

(३) सामान्यतया रुट परमिटको अवधि एक वर्षको हुनेछ । चालु आर्थिक वर्षको जुनसुकै मितिमा रुट परमिट लिएका सवारी साधनको रुट परमिटको नविकरण गर्ने अवधि चालु आर्थिक वर्षको अषाढ मसान्तसम्म हुनेछ । म्याद समाप्त भएको मितिले १५ दिनसम्म परमिट नवीकरण गरिसक्नु पर्नेछ र १५ दिनदेखी थप ३० दिनसम्म अर्थात् शुरु म्याद समाप्त भएको ४५ दिनसम्म दोब्बर दस्तुर तिरी नवीकरण गर्न सकिनेछ । सो अवधिभित्र पनि नविकरण नगराएका इजाजत खारेजी प्रक्रियामा जानेछ ।

(४) नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्ने ।

(५) परमिट नवीकरण गर्दा बीमा अवधिले नभ्याउने भएमा जुन मितिमा विमा अवधि समाप्त हुन्छ सोही मिति सम्मका लागि नविकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधि सोही दस्तुरको आधारमा नवीकरण गरिदिने ।

(६) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाइनेछैन ।

**१५. जरिवाना सम्बन्धी व्यवस्था :**

(क) यस कार्यविधि बमोजिम रुट अनुमति नलिई सवारी साधन सञ्चालन गरेमा प्रथम पटक रु. ३०००।– दोस्रो पटक रु. ५०००।– तेस्रो पटक रु ७,०००।– र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ ।

(ख) समितिवाट निर्धारण भएको भाडा दर भन्दा बढी भाडा लिएको प्रमाणित भएमा प्रथम पटक रु.१०००।– दोस्रो पटक रु.२०००।– तेस्रो पटक रु ३,०००।– र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ ।

(ग) सवारीले ऐन र नियमावलीले तोके बमोजिमका दुर्घटना बीमा, मजदुर बीमा, तेस्रो पक्ष बीमा आदिको बीमा नगराई सवारी साधन चलाएको खण्डमा प्रथम पटक रु.३०००।– दोस्रो पटक रु.४०००।– तेस्रो पटक रु ५,०००।– र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ।

(घ) बिरामी बोक्न इन्कार गरेको प्रमाणित भएको खण्डमा प्रथम पटक रु.१०००।– दोस्रो पटक रु.२०००।– तेस्रो पटक रु.३,०००।– र चौथो पटकमा सोही कार्य गरेमा रुट इजाजत खारेजी गरिनेछ ।

(ङ) कार्यालयबाट भएको जरिवाना तथा कारवाही उपर चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरपालिका प्रमुख समक्ष निवेदन दिन सकिनेछ ।

(च) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले प्रचलित यातायात ऐन नियमानुसार जरिवाना गर्नेछ ।

(१) ट्राफिक सङ्केत वा इशारा उल्लघङ्न गरी चलाएको ।

(२) पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा ।

(३) सवारी मोड्न वा ध्वनि सङ्केत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा ।

(४) गलत साइडतर्फ सवारी चलाएमा ।

(५) एकतर्फी सडकमा सो विपरित चलाएमा ।

(६) अवस्था ठिक नभएको सवारी चलाएमा ।

(७) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा ।

(८) राति बत्ती नबाली सवारी चलाएमा ।

(९) मादक पदार्थ सेवन गरी सवारी चलाएमा।
(१०) नम्बर प्लेट नराखी सवारी चलाएमा।
(११) निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा।
(१२) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा।
(१३) लापरवाही साथ सवारी चलाएमा।
(१४) चालक अनुमति पत्र साथमा नराखी सवारी चलाएमा।

## परच्छिेद ७
## विविध

**१६. भाडादर :** नगरपालिकाभित्र सञ्चालन हुने अटो रिक्सा तथा इ रिक्साको भाडा दर अटो तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को परिच्छेद 3 को दफा ९ को उपदफा (१) मा उल्लेखित अटो तथा ई-रिक्सा सञ्चालन तथा ब्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

**१७.** यातायात कार्यालयमा सवारी दर्ता, सवारी सञ्चालनको अनुमतिपत्र, बीमा र ट्राफिक नियमको पालना सम्बन्धी व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐन, नियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछन्।

**१८. चालकले पालनागर्नु पर्ने नियमहरू :** (१) प्रत्येक सवारी चालकले निम्नानुसार को नियम अनिवार्य रूपमा पालना गर्नुपर्नेछ :

(क) सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब, बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी चलाउनुपर्ने।
(ख) बीमा, नवीकरण गरेको प्रमाण पत्र साथमा राखी सवारी साधन चलाउनुपर्ने।
(ग) अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए÷नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने। तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनुपर्ने।
(घ) मादक पदार्थ तथा लागु औषध सेवन गरी सवारी चलाउन पाइने छैन साथै प्रतिबन्धित मालसामान तथा चिजवस्तु ओसारपसार समेत गर्न पाइने छैन।
(ङ) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाइने छैन। सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्ने।
(च) लेन अनुसाशनको पालना गर्नुपर्ने, आफूभन्दा अगाडिको सवारी साधनसँग Breaking Distance कायम गर्नुपर्ने।
(छ) अटो रिक्साको अगाडिको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसामान राख्न पाइने छैन साथै सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख्न र झुण्ड्याउन पाइने छैन।

(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिँदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पु¥याउनुपर्ने ।

(झ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।

(ञ) रातिको समयमा यात्रा गर्दा लाइटको सही सदुपयोग गर्नुपर्नेछ । अटोरिक्सा तीव्र गतिमा चलाउने र आफूखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाइने छैन ।

(ट) अटोरिक्सा मुख्य सडकमा सञ्चालन गर्ने, सडकको जथाभावी प्रयोग गर्ने, शारीरिक तथा मानसिक अवस्था ठिक नभएकाले सवारी चलाउने जस्ता कार्य गर्न पाइने छैन । होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ ।

(ठ) सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगर कार्यपालिका कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

**१९. यात्रु सुरक्षा :** यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु / गराउनु पर्नेछ

(१) अटो तथा ई-रिक्साको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न दिनु हुदैन ।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा देखिने गरी टाँस्नु पर्नेछ ।

(३) अटोरिक्सामा साउण्ड सिस्टम राख्न पाइने छैन ।

(४) यात्रुहरुले यात्राका बखत जथाभावी फोहर नफाल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**२०. अनुगमन :** यातायात व्यवस्था सेवा कार्यालय, ट्राफिक प्रहरी र नगरपालिकाले उल्लेखित कार्यविधि बमोजिम अटोरिक्सा सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ ।

**२१. बचाउ :** यो कार्यविधि लागू हुनुपूर्व यस कार्यविधिमा उल्लेखित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**२२. विविध :** यस कार्यविधिमा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन, नियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछन् ।

## अनुसूची १
## (सवारी रुट अनुमतिको लागि निवेदनको ढाँचा)

मिति : ............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)।

**विषय : सवारी रुट अनुमति पाऊँ।**

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/ हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको ई-रिक्सा तथा अटो रिक्सा निम्न रुटमा सञ्चालन गर्न अनुमति पाउन यो निवेदन पेश गरेको छु/छौं।

१. सवारी साधनको किसिम :
२. सवारी दर्ता नं र दिने कार्यालय :
३. चेसिस नं. :
४. इन्जिन नं. :
५. मोडेल :
६. बनेको साल :
७. यात्रु सिट संख्या :
८. सवारी धनीको नाम :
९. ठेगाना :
१०.संस्था भए दर्ता विवरण :
११.सञ्चालन गर्न माग गरेको रुट :
१२.संलग्न कागजातः सवारी धनी दर्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, विदेशी भएमा अनुमति पत्र, संस्था भए दर्ता प्रमाणपत्र, प्रदुषण मापदण्ड भित्र परेको पत्र, प्रचलित ऐन कानूनमा भएका व्यवस्था र कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरु पालना गर्ने गरी सवारी व्यवसाय सञ्चालन गर्नेछु। यसमा लेखिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे ऐन कानुन बमोजिम सहुँला बुझाउला।

निवेदकको नामः
दस्तखत :

अनुसूची २

**(इजाजत पत्रको ढाँचा)**

**चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय,**

**रुकुम (पश्चिम) ।**

मिति : .........................

इजाजत पत्र नं. :

श्री ................................ ................................ तपाइको नाममा दर्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व. ............ को लागि देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजत दिइएको छ। प्रचलीत ऐन कानूनको अधिनमा रही सवारी सञ्चालन गर्नुहुन अनुरोध छ।

सवारी साधनको विवरण सवारी साधनको किसिम :

सवारी दर्ता नं. र दिने कार्यालय :

चेसिस नं. :

इन्जिन नं. :

मोडेल :

बनेको साल :

यात्रु सिट संख्या :

सवारी धनीको विवरण नामः

ठेगानाः

संस्था भए दर्ता विवरण :

सञ्चालन गर्न अनुमति दिएको रुट :

सञ्चालन गर्न अनुमति दिएको अवधि :

विमा अवधिः

**रुट इजाजत पत्र प्रदान गर्ने पदाधिकारीको**

दस्तखत :

नामः

पद :

**नवीकरण विवरण**

| मिति | रसिद नं. | नवीकरण अवधि | विमा अवधि | शाखा प्रमुख | अनुमति प्रदान गर्ने अधिकृतको दस्तखत र मिति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले,**
शेरप्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत